स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




अभिनेता दयाहाङ राईले "पेन्सन पट्टा" केवल लाहुरेको कथा मात्र नभएको बताएका छन्। फिल्मले लाहुरे परिवारको जीवन, पुस्तान्तरण, प्रेम, सम्बन्ध र जिम्मेवारीलाई नजिकबाट देखाए पनि यो आम समाजको कथा भएको उनको भनाइ छ।" लाहुरेहरुको वीरता र सफलताको अवकाशपछि एउटा लाहुरे परिवारमा आउने समस्या र पेन्सनकै कारण उत्पन्न हुने परिस्थितिको कथा भने यसले पहिलो पटक उठाएको दयाहाङ सुनाउँछन्।

**आजको विचार...**



जननायक...
*(दुई पेजमा)*

प्राडा. कुलप्रसाद कोइराला



अभिनेता विराज भट्ट र समीर भट्ट को ब्लकबस्टर फिल्म "१२ गाउँ" अब युट्युबमा रिलिज हुने भएको छ। हलमा प्रदर्शन भएको झण्डै २ वर्षपछि फिल्म युट्युबमा सार्वजनिक हुन लागेको हो। बुढासुब्बा डिजिटल प्रा.लि.ले सामाजिक सञ्जालमार्फत "१२ गाउँ" यही शुक्रबार (भदौ २६ गते) युट्युबमा रिलिज हुने घोषणा गरेको छ। यो विराजका छोरा समीरको डेब्यु फिल्म हो। फिल्मले हल प्रदर्शनमा ठूलो चर्चा कमाउनुका साथै व्यावसायिक रुपा पनि ठूलो कमाइ गरेको थियो। सिक्वेल अघि पहिलो भाग युट्युबमा सार्वजनिक हुन लागेको हो।

❐ वर्ष ३२ ❐ अंक ५५ ❐ २०८३ भदौ २५ गते बिहीबार 10 September 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# भोटेकोशी बाढी : मृत्युको संख्या १३ सय ६७ पुग्यो

## ४ हजारभन्दा बढी अझै बेपत्ता

हाम्रा संवाददाता

**पाल्पा,** भदौ २४ / रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको संख्या १ हजार ३ सय ६७ पुगेको छ । बाढीपछि सञ्चालन गरिएको खोज तथा उद्धारका क्रममा बुधबार साँझ ५ बजेसम्म १ हजार ३ सय ६७ जनाको शव फेला परेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । बाढीबाट ठूलो जनधनको क्षति भएपछि विभिन्न जिल्लामा परिचालित सुरक्षा निकायले निरन्तर खोजी तथा उद्धारको काम गरिरहेका छन् ।

प्राप्त विवरणअनुसार फेला परेका शवमध्ये रसुवामा १ सय ७४, नुवाकोटमा १ सय ९७, धादिङमा ७०, चितवनमा ३ सय ६३, गोरखामा ७६, तनहुँमा ३८, नवलपरासी पूर्वमा २ सय



२७ र नवलपरासी पश्चिममा २ सय २२ वटा रहेका छन् । बाढीले प्रभावित क्षेत्र तथा नदी किनारका विभिन्न स्थानमा खोजी गर्दा यी शव फेला परेका हुन् । बाढीका कारण ठूलो संख्यामा मानिस बेपत्ता भएपछि उद्धार तथा खोजी कार्यलाई तीव्रता दिइएको छ । सुरक्षाकर्मीहरूले प्रभावित क्षेत्र, नदी किनार, जोखिमयुक्त स्थान तथा सम्भावित क्षेत्रमा खोजी अभियान सञ्चालन गरिरहेका छन् । बुधबार साँझसम्म पनि ४ हजार ७७ जना बेपत्ता रहेको र उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाइएको छ ।

**शव पहिचानका लागि डीएनए नमुना संकलन**

फेला परेका शवहरूको पहिचान गर्ने कार्यलाई समेत प्राथमिकताका साथ अघि बढाइएको छ । पहिचान हुन नसकेका शवका आफन्त तथा मृतकसँग सम्बन्धित आवश्यक नमुना संकलन गरी वैज्ञानिक विधिबाट पहिचान गर्ने प्रक्रिया अघि बढाइएको हो । हालसम्म मृतकका १ हजार २ सय ८६ वटा र आफन्तका १ हजार ४ सय १२ वटा गरी कुल २ हजार ६ सय ९८ वटा डीएनए नमुना संकलन गरिएको छ । डीएनए परीक्षण तथा आवश्यक प्रक्रिया पूरा गर्दै शव पहिचानको प्रयास भइरहेको छ । फेला परेका शवमध्ये पहिचान तथा अन्य आवश्यक प्रक्रिया पूरा गरिएका १ हजार १ सय ४८ वटा शव व्यवस्थापन गरिएको छ । तत्काल पहिचान गर्न नसकिएका शवलाई आवश्यक प्रक्रिया पूरा गरी सुरक्षित रूपमा माटोमुनि राखिएको जनाइएको छ । यसैबीच, पहिचान हुन नसकेका १ हजार २ सय ९५ वटा शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत सार्वजनिक गरिएको छ । यसबाट बेपत्ता भएका व्यक्तिका आफन्त तथा परिवारलाई आनो परिवारका सदस्यसँग सम्बन्धित जानकारी पहिचान गर्न सहज हुने अपेक्षा गरिएको छ ।

**उद्धार र खोजीमा हजारौं प्रहरी परिचालन**

बाढीबाट प्रभावित क्षेत्रमा खोजी तथा उद्धार, राहत वितरण, शव व्यवस्थापनलगायतका कामलाई व्यवस्थित बनाउन ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ । हालसम्म प्रभावित क्षेत्रमा ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाइएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### हेलिकप्टर दुर्घटनामा पाँच जनाको मृत्यु

रासस

**मलेसिया,** भदौ २४/मलेसियाको सारावाक राज्यमा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको हेलिकप्टर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । मलेसियाली अधिकारीका अनुसार मंगलबार दिउँसो बो-१०५ प्रकारको हेलिकप्टर बोर्नियो टापुको उत्तरपश्चिमी क्षेत्रमा पर्ने मिरी सहरबाट करिब ३१५ किलोमिटर दक्षिणपूर्वमा रहेको दुर्गम हवाई क्षेत्रमा दुर्घटनाग्रस्त भएको हो । मिरीका विपद् व्यवस्थापन समितिका अध्यक्ष गालोङ लुआङले बुधबार जारी गरेको विज्ञप्तिमा हेलिकप्टरमा सवार पाँचै जनाको मृत्यु भएको पुष्टि गरेका छन् । मृतकमध्ये चालक, एक चिकित्सक, एक स्वास्थ्य सहायक र दुई जना नर्स रहेका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएको दुर्घटनाको दृश्यमा हेलिकप्टर खस्नुअघि त्यसबाट बाक्लो धुवाँ निस्किरहेको देखिन्छ । यद्यपि, दुर्घटनाको वास्तविक कारण भने अहिलेसम्म खुल्न सकेको छैन । मलेसियाको नागरिक उड्डयन प्राधिकरणका अनुसार दुर्घटनाको अनुसन्धान गर्न हवाई दुर्घटना अनुसन्धान टोली बुधबार घटनास्थल पुग्नेछ ।

**सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं**

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तानसेनमा सर्वदा आई केयर, ३६० जनाले लिए नि:शुल्क आँखा सेवा

**पाल्पा,** भदौ २४/जिल्लाको तानसेनस्थित शितलपाटीमा सर्वदा आई केयर सञ्चालनमा आएको छ । तिलगंगा आँखा अस्पताल, काठमाडौंबाट विशेषज्ञता हासिल गर्नुभएकी दृष्टि विशेषज्ञ संगीता भट्टराईको नेतृत्वमा आई केयरले दैनिक विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ । आई केयरले सेवा शुभारम्भको अवसरमा एकदिने बृहत् नि:शुल्क आँखा शिविरसमेत सञ्चालन गरेको थियो । शिविरमा ३६० जनाले आँखा परीक्षण तथा उपचार सेवा लिएका थिए । तीमध्ये २५ जनालाई थप उपचार तथा शल्यक्रियाका लागि रिफर गरिएको आई केयरले जनाएको छ ।




शिविरमा नि:शुल्क आँखा परीक्षणसँगै मधुमेह तथा उच्च रक्तचाप भएका बिरामीका लागि एआई प्रविधिमार्फत आँखाको पर्दा परीक्षण गरिएको थियो । त्यस्तै, मोतियाविन्दु, जलविन्दु, आँखाको पर्दा तथा आँखाको नानीको शल्यक्रियामा ५० प्रतिशत छुट, नि:शुल्क औषधि तथा चस्मामा २० प्रतिशत छुटको व्यवस्था गरिएको थियो । लुम्बिनी नेत्रालय, बुटवलको सहकार्यमा सञ्चालन गरिएको शिविरबाट सेवा पाएपछि सेवाग्राही उत्साहित भएका थिए । आई केयरमा हाल दैनिक १५ देखि २० जनासम्मले आँखा परीक्षण गराउँदै आएका छन् । सेन्टरले आकस्मिक (इमर्जेन्सी) सेवासमेत प्रदान गर्दै आएको जनाएको छ । यहाँ बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म विशेषज्ञ सेवा उपलब्ध हुँदै आएको छ । तानसेनमा गुणस्तरीय विशेषज्ञ सेवा सहितको आँखाको उपचार हुन थालेपछि यस क्षेत्रका नागरिकलाई सहज भएको स्थानीय किशोर भट्टराईले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## आत्महत्या रोकौं

आज सेप्टेम्बर १० अर्थात् विश्व आत्महत्या रोकथाम दिवस नेपाल सहित विश्वभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । सन् २००३ देखि हरेक वर्ष सेप्टेम्बर १० तारिखका दिन यो दिवस मनाइने गरिन्छ ।

सामान्य अर्थमा आफैंले आफ्नो हत्या गर्नु नै आत्महत्या हो । प्रायः मानसिक तनाव तथा पीडा थेग्न नसकी बाँच्नुभन्दा मर्न सजिलो ठानेर मानिसले आत्महत्या गर्छन् तर यस किसिमको पीडा नहुँदा पनि मानिसले रिसको आवेगमा आत्महत्या गरेको पाइन्छ । आफैंलाई हानीनोक्सानी गर्ने सोचविचार, आशय, आवेग, प्रयास र त्यसबाट ज्यान जाने अवस्था आफैंमा दुःखद् र विष्मयपूर्ण छ । आत्महत्या कुनै एक व्यक्तिको मात्र समस्या होइन, यो परिवार, समाज र समग्र राष्ट्रसँग जोडिएको गम्भीर सामाजिक तथा मानवीय समस्या हो । पछिल्ला वर्षहरूमा विभिन्न उमेर, वर्ग र समुदायका मानिसहरू आत्महत्याको बाटो रोज्न बाध्य भएका घटनाहरूले हामी सबैलाई गम्भीर बनाएको छ । एउटा जीवनको अन्त्यसँगै एउटा परिवारको सपना, आशा र भविष्यमा समेत गहिरो चोट पुग्छ । त्यसैले आत्महत्या रोकथामलाई केवल व्यक्तिगत विषयका रूपमा होइन, सामूहिक जिम्मेवारीका रूपमा लिन आवश्यक छ । हिजोआज आत्महत्याका जैविक, मनोसामाजिक तत्वहरु हामीकहाँ बचावट गर्ने किसिमले भन्दापनि आत्महत्यातिर दोहऱ्याउने हिसाबले बढ्दै गएको पाइन्छ । यो अत्यन्त दुखको कुरा हो । सबैभन्दा धेरै मानिस झुन्डिएर आत्महत्या गरेका छन् । आत्महत्याका पछाडि आर्थिक कठिनाइ, बेरोजगारी, पारिवारिक कलह, प्रेम तथा सम्बन्धमा आएको समस्या, सामाजिक दबाब, असफलताको डर, एक्लोपन, हिंसा, निराशा तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्या जस्ता अनेक कारण हुन सक्छन् । तर कुनै पनि कठिन परिस्थिति जीवनभन्दा ठूलो हुँदैन समस्या जति गम्भीर भए पनि त्यसको समाधान खोज्न सकिन्छ । आवश्यक समयमा साथ, सहयोग, परामर्श र उपचार पाए धेरै जीवन जोगाउन सकिन्छ । परिवार, विद्यालय, कार्यस्थल र समुदायमा मानसिक स्वास्थ्यबारे खुला संवादको वातावरण निर्माण गर्नुपर्छ । कसैले निराशा व्यक्त गर्दा उसको कुरा बेवास्ता गर्नु हुँदैन, बरु धैर्यपूर्वक सुन्ने, दोष नदिने र आवश्यक सहयोग तथा विशेषज्ञ सेवातर्फ जोड्ने संस्कार विकास गर्नुपर्छ । विद्यालय र कलेजमा विद्यार्थीलाई पढाइ र परीक्षाको दबाब व्यवस्थापन, भावनात्मक समस्या तथा जीवनका चुनौती सामना गर्ने सीपबारे शिक्षा दिन आवश्यक छ । त्यस्तै, स्थानीय तह र राज्यले मानसिक स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य बनाउनुपर्छ । आत्महत्या रोकथामसम्बन्धी जनचेतना कार्यक्रमलाई शहरमा मात्र सीमित नराखी ग्रामीण तथा दुर्गम क्षेत्रसम्म पुऱ्याउनुपर्छ । यसो गर्न सकियो भने आत्म हत्या रोक्न सकिन्छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

आमा भन्नुहुन्छ आफ्नो संस्कार कहिले नभुल्नु,
लुगा त लामो होस या छोटो दुबैले सुहाउछ ।
*(कविता काम्मुको फेसबुक स्टाटसबाट www.facebook.com/Kabita.Kammu)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जननायक बीपीको सम्झना



**प्राडा. कुलप्रसाद कोइराला**

**स जातो येनजातेन यातिवंश समुन्नतिम्**

विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१ भाद्र २४-२०३९ श्रावण ६) । त्यसलाई जन्मेको मानिन्छ जसका जन्मले मानव जातिकै समुन्नति होओस् त्यसो हुन नसके पनि ऊ जन्मेका वंशको उन्नति होस् । यो आजभन्दा दुई हजार तीन सय वर्षअघिका चाणक्य नाम भएका राजनीति र अर्थशास्त्रका उद्भट विद्वान्को भनाइ हो । चाणक्यपछि बालगंगाधर तिलक, मदनमोहन मालवीय, गान्धी, नेहरू, जयप्रकाश नारायण सिंगो भारतलाई उज्वल बनाउने दीप्तिमान् प्रतिभा जन्मेका देखिन्छन् । भारतका तुलनामा नेपाल अति सानो देश मानिएला भौगोलिक क्षेत्रफलका आधारमा तर वैदिककालदेखि नै समग्र भारतीय उपमहाद्वीपको शीर्षस्थानमा नेपाल रहेको देखिन्छ । पृथ्वीनारायण शाह, नारायणदास अर्याल, भक्ति थापा, अमरसिंह थापा, भीमसेन थापा, पछि नेपाललाई विश्वबिरादरीका हारमा लगेर राख्न समग्र नेपालीलाई एकताका सूत्रमा बाँधेर २००७ सालको क्रान्तिको नेतृत्व गर्दै क्रान्तिनायक बनेका व्यक्ति हुन बीपी कोइराला । उनले नेपाल र नेपालीलाई विश्वका स्वायत्त स्वतन्त्र राष्ट्रको हैसित दिलाएर आधुनिक राष्ट्रनिर्माणको जग बसाल्ने जनताका नायकका रूपमा आफूलाई उभ्याएका हुनाले नै आज पनि हामी उनलाई जननायक बीपी भन्छौं । उनका पिता कृष्णप्रसाद कोइराला वनारसमा बसेका बेला उनको जन्म वनारसमा नै भएको थियो । न्वारानको नाम चूडामणि कोइराला भए पनि उनका हजुरबाले विश्वनाथको प्रसादस्वरूप मानेर उनलाई विश्वेश्वर भने र पछि साहित्यमा विश्वेश्वरप्रसाद कोइराला र राजनीतिमा बीपी कोइरालाका नामबाट उनको परिचय स्थापित भयो ।

**शालीन स्वभाव र दूरदृष्टियुक्त व्यक्तित्व**

सानैदेखि बीपी हुने बिरुवाको चिल्लो पात थिए । उनी नवौं कक्षमा पढ्दापढ्दै भारतमा गान्धीको अंग्रेजविरुद्धको 'भारत छोडो' आन्दोलनले जोर पकडन थालेको थियो । उनी पढ्दै गरेका विद्यालयमा गान्धी र नेहरू आएर आन्दोलनको कुरो गरेपछि बीपीले हड्ताल गर्न आह्वान गरेका थिए । भारतीय स्वतन्त्रताका संग्राममा भाग लिएर उनी हजारीवाग जेलमा पनि जेल सरुवा गरेर पुऱ्याइएका थिए । भारतका प्रथम राष्ट्रपति डा.राजेन्द्रप्रसादसँगै उनी त्यहाँ पुऱ्याइएका थिए । त्यहाँ बसेकै बेला उनले भारत स्वतन्त्र भएपछि नेपाललाई पनि स्वतन्त्र गराएर नेपालमा विश्वविद्यालय खोल्ने कल्पना गरेका थिए । उच्च शिक्षा पूरा गरेर जेलमा आएका तारापद चौधरीलगायत पाँचजनासँग उनले नेपाली विश्वविद्यालय खोलेपछि पाढाउन आउनुपर्ने कुरो गरेका थिए । २०१६ सालमा त्रिभुवन विश्वविद्यालय खोल्दा त्यस बेलाका भारतीय युवकलाई उनले नेहरूलाई भनेर त्रिविमा ल्याएर पाटनमा आवास बनाएर राखेका थिए । अरू चारजाना पछि आनै देशमा गए पनि तारापद चौधरी आजीवन यहीं बसेर त्रिविमा सेवा गरेबापत उनलाई उपकुलपति नवीनप्रकाशजंग शाहले वरिष्ठ प्रध्यापक र तत्सम्बन्धी समग्र सेवासुविधा प्रदान गराएका थिए । चौधरीले पूरै तलब पनि कहिल्यै लिएनन् । महिनावारी चलाएर बाँकी रहेको विश्वविद्यालयलाई नै फिर्ता गर्थे । पुगनपुग १८ महिना बीपी यो देशको प्रधानमन्त्री भएका बेला उनले गरेका देशका लागि आवश्यक पर्ने शासनसम्बन्धी व्यवस्था र सुधारका आधारभूत कुरालाई नै युगानुकूलन गर्दै आजसम्म आएको देखिन्छ । व्यक्तिका नाममा र जातिका नाममा रहेको नेपाली वनलाई राष्ट्रियकरण गर्नु, जमिनको हदबन्दी तोक्नु, देशको वार्षिक आयव्यय संसद्मा प्रस्तुत गर्ने प्रथा बसाल्नु, गाउँगाउँमा रहेका राजाका श्रीपेच भत्ता खारेज गर्नु, मुक्तिसेनालाई राष्ट्रिय सेनामा मिलाउनु, वाक् प्रेस लेखन स्वतन्त्रता कायम गर्नु जस्ता अनेकौं सुधारका काम गरेका थिए । बनेपा-सिन्धुली बाटो, भैंसे-हेटौंडा बाटोको कल्पनाकार पनि उनी थिए । उनले गरेका समग्र कार्यको विवरण कैलाश प्रधानांगको 'चाणक्य र बीपीको तुलनात्मक अध्ययन' शीर्षक शोधप्रबन्धमा विशद प्रस्तुति छ । शासन सत्ताका नायक बनेका भए पनि बीपीलाई नेपालको राज्यसत्ताले जति दुःख दियो त्यति कसैलाई दिएन होला तर उनले कहिल्यै गुनासो गरेनन् । घमण्ड कहिल्यै गरेनन् । शालीनता र सुसंस्कार उनको आत्मसंस्कार थियो । दृढनिश्चय, सैद्धान्तिक निष्ठा, मानव अधिकारयुक्त मानवस्वतन्त्रताका अथक योद्धा थिए बीपी । एक शब्दमा भन्दा मैले जानेदेखिका धेरै मान्छेको धेरथोर मूल्य देखेको छु तर विनामूल्यका मान्छे थिए बीपी । धेरै नेता लेनदेनमा लागेका भेटिन्छन् तर बीपीमात्र एकजना यस्ता राजनेता भेटिन्छन् नेपाली जो राजनीतिको समग्र इतिहासमा जसले बन्दी जीवन, देशबाट निष्काशन, फाँसीका डोरी घाँटीमा सातसात वटा झुण्ड्याएर पनि कहिल्यै कतै सम्झौता गरेनन् र कुनै कुरामा पनि झुकेनन् ।

**दुई पूर्ण व्यक्तित्वको विकास**

अत्यधिक मान्छेमा एउटा व्यक्तित्वको विकास पनि राम्ररी नहुन सक्छ । बीपीमा दुई भिन्न क्षेत्रका व्यक्तित्वको पूर्णविकास भएको देखिन्छ । समयको आवश्यक्ता अनुसार देशकै दोस्रो दलका रूपमा उनले खोलेर मिलाएर विकास गरेको नेपाली कांग्रेस ८६ वर्षसम्म पनि देशको प्रमुख दलका रूपमा आज पनि रहिरहेकै छ । उनी नै त्यस्ता पहिला नेपाली हुन् जसले राजनीतिमा लागेर देश र जनतालाई मात्र होइन अनेकौं विकार विकृतियुक्त संस्कारलाई पनि परिमार्जन गर्न आरम्भ गऱ्यो । जनताबाट निर्वाचित प्रथम प्रधानमन्त्रीमात्र भएनन् दुईतिहाइ सिट पनि ल्याएर दुईतिहाइको प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका थिए एकातिर भने अर्कातिर नेपाली साहित्यको कथामा पहिलो मनोवैज्ञानिक कथाकारका रूपमा पनि उनी स्थापित रहेका छन् । राजनीतिको केन्द्रीय व्यक्ति भएर पनि साहित्यमा त्यसको आलोकाँचो गन्धमुक्त साहित्य सिर्जना गर्ने पहिलो नेपाली स्रष्टा पनि हुन् उनी । हिन्दी साहित्यका इलाचन्द्र जोशी र विश्वेश्वरप्रसाद कोइराला समानान्तर वृत्तमा रहेका देखिन्छन् । देश, समाज, व्यक्ति र उसका संस्कार संस्कृतिका अतिरिक्त व्यक्तिका अन्तरमनमा रहेका विराट् अभीप्सा र कुण्ठाका द्वन्द्वको परिणाम प्रदर्शनका दृष्टिले उनका कथा पठनीयमात्र छैनन् अपितु अविस्मर्तव्य रहेका छन् । २००६ सालमा प्रकाशित भएको 'दोषी चश्मा' का कथाको अवस्था यस्तो छ भने पछि प्रकाशित भएको 'श्वेत भैरवी' कथासंग्रह पनि झनै दुर्धर्ष कृतिका रूपमा स्थापित भएको छ । साहित्यमा कोइरालाले कविता पनि लेखेका छन् । कवितामा उनी छायावादका काव्यप्रवृत्तिका नजिक र सुधारकामी कविका रूपमा देखिन्छन् भने निबन्धमा र समालोचनाका क्षेत्रमा उनी सौन्दर्यवादी समालोचक या विश्लेषक र सहज स्वच्छन्द निबन्धकारका रूपमा रहेका छन् । वस्तुतः विप्र कोइरालाको प्रख्यातिको क्षेत्र साहित्यमा आख्यान (उपन्यास) र कथा नै हुन् । उपन्यासमा पनिउनको धार आृना समकालीनभन्दा पृथक रहेको छ । उनका उपन्यास मिथकीय दृष्टिले, पौरस्त्य र पाश्चात्य दर्शनका दृष्टिले पनि महत्त्वपूर्ण प्राप्तिका रूपमा रहेका छन् । मनोविज्ञान, सभ्यता, संस्कृति र मिथकीयताका कारणले कोइराला नेपाली उपन्यासका क्षेत्रमा पनि सशक्त स्रष्टा रहेका देखिन्छन् । प्रजातान्त्रिक समाजवादका नेपाली माटोका प्रणेता व्याख्याता र सदृढीकरणकर्ताका रूपमा उनी प्रख्यात छन् नेपाली राजनीतिका क्षेत्रमा । भारतीय भूमिका जवाहरलाल नेहरूले ज्ञान, विज्ञान र इतिहासका क्षेत्रमा महनीय कार्य गरेका छन् 'विश्वइतिहासको झलक' नामक पुस्तक लेखेर, उनको सिर्जनात्मक लेखन छैन । गान्धीका चिठी र भाषण संकलित रहेका छन् तर उनको सिर्जना जत्तिकै शक्तिशाली चिठी छन् । राजेन्द्रप्रसादका संस्मरण महनीय रहेका छन् भने बालगंगाधर तिलक वेदविज्ञानका निष्णात मानिन्थे । कोइरालाले १९९६ अघि लेखेका कथा २००६ सालमा छापिएपछि उनी राजनीतिका मैदानमा पुगे । २०१७ साल पुस १ गतेको प्रजातन्त्र, राष्ट्र र जनताको विकासोन्नति घाती कदमपछि सुन्दरीजल सैन्यगृहमा बन्दी भएका बेला छवटा उपन्यास लेखेर नेपाली साहित्यलाई मानवीय रक्त र संस्कार सभ्यतामा शुद्धता खोज्नुभन्दा विकास विस्तार समायोजन र देश, काल, परिस्थिति अनुकूलन गरी जीवनमूल्यलाई नित्य वर्द्धितायन स्थितिमा लैजाने सन्देश सुम्निमा उपन्यासबाट दिएका छन् । देशज, इतिहासज, परम्परित कुराभन्दा पनि मानव जीवनका लागि नियति या विधिले दिएको चयनको स्वतन्त्रता महनीय हुन्छ । मान्छे अनेकौं विकल्पमध्ये एउटा कुनै विकल्प छान्न स्वतन्त्र छ । त्यो छनाइबाट दुःख या सुख जे आइपरे पनि प्रशान्त चित्तले भोग्नु पालन गर्नु नै अस्तित्व निर्माणका सोपान हुन् भन्ने कुरो इन्द्रमाया, पीताम्बर र इन्द्रमाया र रमेशका संयोजनबाट जन्मेकी छोरीका माध्यमले अस्तित्ववादको सुन्दर व्याख्या प्रस्तुत गरेका छन् । मान्छे कुल, घरान, जातभात र अन्य कतिपय सामाजिक मूल्यका कारण डरलाग्दा नियतिका भुमरीमा जाकिन पुग्छ भन्ने कुरो परिपुष्ट पारेका छन् 'बाबु, आमा र छोरा' उपन्यासका माध्यमबाट । कोइरालाले रिक्सा तान्ने कथामा जुन कुरो उठाएर नेपाली भारतीय समाजमा मानवताको दलमर्दन लतमर्दन गरिएको जुन उदाहरण दिएका थिए रिक्सा तान्ने र रिक्सा तनाउने मालिकबाट प्रतिपादन गरेकै प्रभावमा लैनसिंह वाङदेलले 'लंगडाको साथी' २००८ उपन्यासमा अझै सविस्तार ती बिम्बको विकास गरेका छन् । कोइराला युद्ध, हिंसा, हत्या पटक्क रुचाउँदैनन् । युद्ध र हिंसात्मक क्रियाकलापले मानव र मानवनिर्मित मूल्यका साथै प्राकृतिक सम्पदा पनि समाप्त गर्छ जसको पूरण कदाचित् असम्भव हुन्छ भन्छन् 'मोदिआइन' उपन्यासमा । उनको अर्को 'हिटलर र यहूदी' मा मानवताको धज्जी उडाउने तत्व यथार्थिक या काल्पनिक जे जुन भए पनि धनी, राजामहाराजा र ईश्वर भनिएका समाजका या संस्कार र प्रकृतिमा रहेका अतिवादी तत्व नै हुन् भनिएको छ । समग्रमा बीपी कोइराला व्यक्ति एक आयाम अनेक बनेर देखिन्छन् । नेपाली समाजको ऐतिहासिक विकासलाई शृंखलाबद्ध अध्ययन गर्ने हो भने । उनी धेरै विश्लेषण गरेर उनका वरिपरिको समग्र समाज, दर्शन मानव सभ्यताले पाएका र गुमाएका कतिपय कुराको सांगोपांग आकलन नगरिकन आफ्नो मत स्थापन गर्दैनन् । जब उनी आफ्नो मत स्थापन गर्दछन् अनि इतिहासदेखि आजैसम्मका पनि कुरा उनका अडान, व्याख्या र प्रस्तुतिका कारणले अकाट्य र अद्वितीय जस्ता प्रतीत हुन्छन् : (१) विप्र कोइरालाको समग्र व्यक्तित्वले असल मान्छेका पक्षमा व्यक्ति र समाज पुग्छ नकि ठूलाठालुका पक्षमा । (२) सैद्धान्तिक निष्ठाका पक्षमा अविचलित व्यक्ति (३) प्रजातान्त्रिक समाजवादी सिद्धान्तलाई युग, देश, समाजसापेक्ष्य व्याख्या गरी नित्य नयाँ प्राप्तितर्फ उन्मुख हुने व्यक्ति (४) राजनीतिमा मर्यादा, नियम, विकास, स्वतन्त्रताको पक्षधर साहित्यमा सर्वतन्त्र स्वतन्त्र वैयक्तिक सिर्जनात्मक स्फुरणलाई महिमा प्रदाताका रूपमा बीपीलाई स्मरण गर्दा नै न्याय हुन्छ ।

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : संतानको प्रगतिले मन प्रशन्न रहनेछ। सर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ। | **तुला**: रोकिएका काम प्रारम्भ हुनेछन्। यापारमा कीर्तिमान स्थापित गर्न सकिनेछ। |
| **वृष** : वैचारिक मतभेद सुल्झिनेछ। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। | **वृश्चिक** : लाभ उठाउन सकिनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व स्थापित गर्न सकिनेछ। |
| **मिथुन** : कार्य सम्पादन गर्न सकिनेछ। उच्चपदासीन व्यक्तिहरूको साथ मिल्नेछ। | **धनु** : व्यवसायलाई लिएर यात्रा गर्नुपर्ला। बौद्धिक क्षमतामा विकास हुनेछ। |
| **कर्कट** : आयआर्जनका स्रोतहरू फेला पर्नेछन्। विश्वास पात्रबाट सहायता मिल्नेछ। | **मकर** : व्यापारमा सोचेको सफलता हात लाग्ला। स्वास्थ्यको विशेष ध्यान दिनुहोला। |
| **सिंह** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ। मुद्दा मामलाहरूमा सफलता मिल्नेछ। | **कुम्भ**: जिम्मेवारी बढी हुन सक्छ। आम्दानीको विषयमा नयाँ विचार आउनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा कार्य दोहोराएर गर्नुपर्ला। अवसरको फाइदा उठाउन नसकिएला। | **मीन** : कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ। पर्याप्त निद्रा लिनु आवश्यक छ। |




निबन्ध ● तोमनाथ उप्रेती

# भग्नावशेषबाट उज्यालोतर्फ

कहिलेकाहीँ एउटा विपत्तिले घर भत्काउँछ। त्यसले मानिसको विश्वास पनि हल्लाउँछ । भित्ताहरू ढल्छन् । बाटाहरू हराउँछन् । पुलहरू चुँडिन्छन् । जीवनका सामान्य लयहरू अचानक मौन हुन्छन् । त्यसपछि धुलो, माटो, आँसु र एउटा असह्य प्रश्न बाँकी रहन्छ । आखिर यस्तो किन भयो ? विपत्तिको क्षणमा प्रकृति निकै निर्मम देखिन्छ। नदी आफ्नो किनार बिर्सन्छ । पहाड आफ्नो स्थिरता गुमाउँछ । पानी जीवनको स्रोतबाट विनाशको शक्ति बन्छ। मानिसले वर्षौं लगाएर बनाएको संसार केही घण्टामै भग्नावशेषमा परिणत हुन सक्छ । यस्तो क्षणले सभ्यताको अहंकारलाई एउटा कठोर पाठ पढाउँछ । हामी शक्तिशाली छौं। तर सर्वशक्तिमान छैनौं । भग्नावशेषमा उभिँदा मानिसले पहिलोपटक जीवनको वास्तविक मूल्य बुझ्छ । घरको मूल्य त्यसमा सुरक्षित राखिएका सम्झनामा हुन्छ। एउटा पुरानो तस्वीर । आमाको सन्दुक। बाबुको हस्तलिखित कागज । बालकको पहिलो पुरस्कार। विवाहको एउटा तस्वीर । यिनको बजार मूल्य हुँदैन । तर भावनात्मक मूल्य अपार हुन्छ । त्यसैले विपत्तिको वास्तविक क्षति मानवीय हुन्छ । एउटा घर भत्किँदा एउटा परिवारको इतिहास भत्किन सक्छ । एउटा विद्यालय बग्दा एउटा पुस्ताको सपना प्रभावित हुन सक्छ । एउटा पुल ढल्दा सम्बन्धहरू पनि टाढा हुन सक्छन् । र एउटा मानिस गुम्दा एउटा परिवारको संसार नै अधुरो हुन सक्छ । यहींबाट पीडाको दर्शन सुरु हुन्छ । पीडा जीवनको अनिवार्य सत्य हो । कसैले त्यसबाट पूर्ण रूपमा भाग्न सक्दैन । तर पीडाको अर्थ सबैका लागि एउटै हुँदैन । कसैका लागि पीडा अन्त्य हो । कसैका लागि त्यो चेतनाको सुरुवात हुन्छ । कसैलाई पीडाले तोड्छ । कसैलाई त्यसैले अझ दृढ बनाउँछ । दार्शनिक दृष्टिले हेर्दा मानिसको महानता दु:ख नआउनुमा होइन । दु:ख आएपछि आफूलाई पुन: निर्माण गर्न सक्नुमा छ । स्टोइक चिन्तनले बाह्य परिस्थितिभन्दा आफ्नै प्रतिक्रिया महत्वपूर्ण हुने बताउँछ । बौद्ध दर्शनले दु:खलाई जीवनको आधारभूत सत्यका रूपमा स्वीकार गर्छ । अस्तित्ववादी चिन्तनले अर्थ तयार अवस्थामा प्राप्त नहुने, मानिसले आफ्ना अनुभव र निर्णयबाट त्यसलाई निर्माण गर्ने मान्यता राख्छ । यी फरक परम्पराहरूबीच एउटा साझा संकेत भेटिन्छ । दु:खबाट भाग्नुभन्दा त्यसलाई बुझ्नुपर्छ । विपत्तिको अँध्यारोमा मानवताको अर्को अनुहार देखिन्छ । अपरिचित मानिस उद्धारका लागि दौडन्छ । कसैले आफ्नो खाना बाँड्छ । कसैले लत्ताकपडा दिन्छ । कसैले रक्तदान गर्छ । कसैले रातभर उद्धारमा खटिन्छ । कसैले आफ्नो सानो साधनबाट ठूलो सहयोग गर्छ । त्यो क्षणमा मानिसको परिचय उसको पदले हुँदैन । सम्पत्तिले हुँदैन । जात, भाषा, क्षेत्र र वर्गले हुँदैन । उसको परिचय मानवताले निर्धारण गर्छ । जब एउटा हातले अर्को हात समाउँछ, त्यहाँ समाज जन्मिन्छ । जब दु:खमा मानिस एकअर्काका लागि उभिन्छन्, त्यहाँ राष्ट्रको वास्तविक अर्थ प्रकट हुन्छ । राष्ट्र नक्सामा कोरिएको सीमारेखा मात्र होइन । राष्ट्र साझा दु:खमा साझा संवेदना देखाउने मानिसहरूको सामूहिक चेतना पनि हो । तर मानवीय संवेदना पर्याप्त मात्र होइन । संवेदनालाई संस्थागत जिम्मेवारीमा बदल्नुपर्छ । विपत्तिपछि राहत वितरण गर्नु आवश्यक छ । तर विपत्ति आउनुअघि जोखिम पहिचान गर्नु अझ आवश्यक छ । पूर्वसूचना प्रणाली बलियो बनाउनुपर्छ । जोखिमयुक्त बस्तीको वैज्ञानिक अध्ययन हुनुपर्छ । नदीको प्राकृतिक बहावलाई बुझ्नुपर्छ । विकास निर्माण गर्दा वातावरणीय संवेदनशीलता अपनाउनुपर्छ । प्रकृतिलाई जित्ने भाषाले अन्तत: मानिसलाई नै कमजोर बनाउँछ । प्रकृति हाम्रो शत्रु होइन । तर प्रकृतिको नियमलाई बेवास्ता गर्दा त्यसको परिणाम गम्भीर हुन सक्छ । नदीलाई केवल पानीको स्रोत ठान्नु भूल हो । पहाडलाई केवल निर्माणस्थल ठान्नु पनि भूल हो । जंगललाई केवल काठको भण्डार ठान्नु अर्को भूल हो । मानिस प्रकृतिको मालिक होइन । ऊ प्रकृतिको एउटा अंश हो । यही चेतना आधुनिक विकासको आधार बन्नुपर्छ । विकासको अर्थ सडक बनाउनु मात्र होइन । विकासको अर्थ सुरक्षित सडक बनाउनु हो । विकासको अर्थ पुल निर्माण गर्नु मात्र होइन । जोखिम सहन सक्ने पुल निर्माण गर्नु हो । विकासको अर्थ सुरक्षित र दिगो बस्ती निर्माण गर्नु हो । विपत्तिले हाम्रो विकासको दर्शनमाथि पनि प्रश्न गर्छ । के हामीले निर्माण गर्दा भविष्यको जोखिम सोचेका छौं ? के हाम्रो पूर्वाधार प्रकृतिको क्षमतासँग मेल खान्छ ? के हामीले जलवायु परिवर्तनका सम्भावित प्रभावलाई योजनामा समेटेका छौं ? यदि छैन भने विपत्ति केवल प्राकृतिक घटना होइन । त्यसमा मानवीय कमजोरीको अंश पनि हुन सक्छ । शोकको पनि आफ्नै भाषा हुन्छ । कहिलेकाहीँ आँसु बोल्छ । कहिलेकाहीँ मौनता बोल्छ । कहिलेकाहीँ एउटा खाली कुर्सीले सम्पूर्ण कथा भनिदिन्छ । एउटा बन्द ढोकाले अनुपस्थित मानिसको स्मरण गराउँछ । एउटा पुरानो कपडाले सम्बन्धको इतिहास बोकेको हुन्छ । त्यसैले शोकलाई समय दिएर सम्मान गर्नुपर्छ । मृतकलाई तथ्याङ्कमा सीमित गर्नु हुँदैन । प्रत्येक मृत्यु एउटा व्यक्तिगत संसारको अन्त्य हो । प्रत्येक बेपत्ता मानिस एउटा परिवारको अधुरो प्रतीक्षा हो । तर शोकको अर्को चरण पनि हुन्छ। स्मृति । स्मृतिले मृतकलाई केवल सम्झँदैन । स्मृतिले जीवितलाई जिम्मेवार बनाउँछ । हामीले गुमेकाहरूलाई सम्झनु भनेको उनीहरूले भोगेको त्रासदी फेरि नदोहोरियोस् भनेर प्रणाली सुधार्नु पनि हो । त्यसैले स्मृतिलाई नीतिमा बदल्नुपर्छ । आँसुलाई चेतनामा बदल्नुपर्छ । चेतनालाई कर्ममा बदल्नुपर्छ । अँध्यारोको सबैभन्दा ठूलो विशेषता के हो भने त्यसले उज्यालोको आवश्यकता बुझाउँछ । रातले बिहानको मूल्य सिकाउँछ । शोकले जीवनको मूल्य बुझाउँछ । मृत्युले समयको अर्थ सम्झाउँछ । विपत्तिले सुरक्षाको महत्व सिकाउँछ । भग्नावशेषमा उम्रिएको सानो घाँस आशाको प्रतीक हो । भत्किएको घरअगाडि खेलिरहेको बालक भविष्यको संकेत हो । पुन: खुल्ने गरेको विद्यालय जीवनको निरन्तरता हो । मर्मत हुँदै गरेको पुल सम्बन्धको पुनर्स्थापना हो । फेरि बलेको चुलो घर फर्किएको संकेत हो । मानिसको इतिहासमा विनाश धेरै छन् । तर पुनर्जन्म पनि त्यति नै छन् । सभ्यताहरू ढले । फेरि उठे । सहरहरू ध्वस्त भए । फेरि बने । मानिसहरू विस्थापित भए । फेरि घर बनाए । सपनाहरू भत्किए । फेरि नयाँ सपना जन्मिए । यसैले भग्नावशेष अन्तिम दृश्य होइन । त्यो अर्को निर्माणको पहिलो दृश्य पनि हुन सक्छ । तर नयाँ निर्माण पुरानै कमजोरी दोहोर्‍याएर हुनु हुँदैन । पुनर्निर्माण सुरक्षित हुनुपर्छ । समावेशी हुनुपर्छ । वातावरणमैत्री हुनुपर्छ । वैज्ञानिक हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, मानवीय हुनुपर्छ । विपत्तिले हामीलाई एउटा नैतिक पाठ दिन्छ । जीवन अस्थायी छ । सम्पत्ति अस्थायी छ । संरचना अस्थायी छन् । तर हामीले एकअर्काप्रति देखाएको करुणा दीर्घकालीन हुन्छ । मानिसले संसारमा छोड्ने सबैभन्दा ठूलो चिनो उसले कति सम्पत्ति जम्मा गर्‍यो भन्ने होइन । उसले कति जीवनलाई स्पर्श गर्‍यो भन्ने हो । हामी डरबाट साहसतर्फ जानुपर्छ । निराशाबाट आशातर्फ जानुपर्छ । निर्भरताबाट आत्मविश्वासतर्फ जानुपर्छ । अव्यवस्थाबाट सुशासनतर्फ जानुपर्छ । प्रकृतिसँग संघर्ष गर्ने मानसिकताबाट प्रकृतिसँग सहअस्तित्वतर्फ जानुपर्छ । आज कुनै बस्ती भग्नावशेषमा हुन सक्छ । कुनै परिवार शोकमा हुन सक्छ । कुनै बालकको आँखामा प्रश्न हुन सक्छ । तर त्यही आँखामा भविष्य पनि हुन्छ । हामीले त्यो भविष्य बचाउनुपर्छ । भत्किएका पुल फेरि बन्नेछन् । सडकहरू फेरि खुल्नेछन् । घरहरू फेरि उठ्नेछन् । विद्यालयमा फेरि घण्टी बज्नेछ । बजारमा फेरि चहलपहल हुनेछ । खेतमा फेरि बीउ रोपिनेछ । नदी फेरि आफ्नै लयमा बग्नेछ । तर त्यो पुनर्निर्माणसँगै हाम्रो चेतना पनि पुनर्निर्माण हुनुपर्छ । किनकि वास्तविक उज्यालो बिजुलीको प्रकाश मात्र होइन । वास्तविक उज्यालो विवेक हो । करुणा हो । विज्ञान हो । जिम्मेवारी हो । सहकार्य हो । आशा हो । भग्नावशेषले हामीलाई भत्किएको संसार देखाउँछ । आशाले त्यसै संसारभित्र सम्भावनाको बीउ देखाउँछ । संघर्षले त्यस बीउलाई जोगाउँछ । मानवताले त्यसलाई हुर्काउँछ । र विवेकले त्यसलाई भविष्यको सुरक्षित वृक्ष बनाउँछ । जीवनको विजय यही हो । हामी ढल्न सक्छौं । तर उठ्न सक्छौं । हामी रुन सक्छौं । तर आँसु पुछ्न सक्छौं । हामी गुमाउन सक्छौं । तर स्मृतिलाई बचाउन सक्छौं । हामी अँध्यारोमा हराउन सक्छौं । तर उज्यालोतर्फ हिँड्न सक्छौं । त्यसैले भग्नावशेषलाई अन्त्यको प्रतीक नबनाऔं । त्यसलाई नयाँ आरम्भको आधार बनाऔं । आज जहाँ धुलो छ, त्यहाँ भोलि फूल फुलोस् । आज जहाँ मौनता छ, त्यहाँ फेरि जीवनको स्वर गुञ्जियोस् । आज जहाँ आँसु छ, त्यहाँ भोलि आशाको मुस्कान देखियोस् । आज जहाँ भग्नावशेष छ, त्यहींबाट एउटा सुरक्षित, संवेदनशील र विवेकशील भविष्यको निर्माण सुरु होस् । किनकि मानिसको सबैभन्दा ठूलो शक्ति उसको अटुट आशा हो । र आशा बाँकी रहेसम्म उज्यालोतर्फ जाने बाटो कहिल्यै पूर्ण रूपमा बन्द हुँदैन ।

*-समकालिन साहित्य डटकम*

कथा ● डा. टीकाराम उदासी

# भीडमा एउटा अनुहार

यो बाटोमा नियमितजसो हिँड्ने भएपछि धेरै अनुहारहरू परिचितजस्ता लाग्न थालेका छन् । यो बाटो अर्थात् घोराही-तुल्सीपुर सडक । परिचितजस्ता लाग्ने अनुहारहरूको भीडमा एउटा मुस्लिम अनुहार पनि थपिएको छ । यो बाटोमा ऊ कहिलेदेखि हिँड्न थालेको हो भन्ने त मलाई जानकारी छैन तर ऊ यो बाटोमा हिजोआज नियमितजस्तै हिँड्छ भन्ने चाहिँ मलाई थाहा छ । मैले यसो भन्नुको कारण के हो भने ऊ कहिले सर्राचोकमा गाडी चढिरहेको भेटिन्छ त कहिले सेवार खोला किनारमा उभिएको । ऊ कहिले सौडीकुलामा गाडी पर्खिरहेको देखिन्छ त कहिले नारायणपुर बजारमा । ऊ कहिले खैराचोकमा गाडीलाई हात दिइरहेको हुन्छ अनि कहिले मज्गैं चोकमा । ऊ कहिले दुधरस चोकमा बसिरहेको देखिन्छ अनि कहिले बेलझुन्डीको छेउछाउ । यसै गरी ऊ कहिले हेमन्तपुर चोकमा कसैसँग गफ गरिरहेको देखिन्छ त कहिले बिजौरी बजारमा भेटिन्छ । प्राय: उसका साथमा दुईचार खसीबोकाहरू हुन्छन् भने कहिलेकाहीँ भने ऊ एक्लै पनि देखिन्छ । उसका ठाउँठाउँका विभिन्न उपस्थितिबाट मेरो मोटामोटी अनुमान– सायद ऊ खसीबोका व्यापारी हो । जो गाउँ पुगेर खसीबोका खरिद गर्छ, बजार लगेर बिक्री गर्छ अनि दुईचार पैसा कमाउँछ । एक हप्ताअघि तुल्सीपुर गइरहेको बेला देखेँ, ऊ पनि अघिल्लो सिटमा बसेको छ । हल्का कालो वर्ण, घुमेको तर फुलिसकेको छोटो कपाल, चिउँडोमा लामालामा फुलेको दाह्री, काँधमा एउटा पातलो गम्छा, सात दशक नाघेको जस्तो देखिने मोटो बूढो शरीरमा एउटा मैलो भोटो र उस्तै खैरो रङको मैलोमैलो बुट्टेदार लुङ्गी । बाहिरदेखि सरसर्ती हेर्दा देखिने उसको रुपाकृति । यो बाटोमा दुईचारपटक देखिसकेपछि उसले मेरो ध्यान खिच्ने गरेको छ । आज भने संयोगले जुन सिटमा म बसेको छु, ऊ पनि त्यही सिटमा मसँगै टाँसिएर बसेको छ । एकप्रकारले म भित्रभित्रै त्यत्तिकै रोमाञ्चित छु । 'दाइ कहाँसम्म जाने हो ?' कुरा सुरु गर्छु । खासमा कुरा गर्ने एउटा बहाना मात्रै थियो । यथार्थमा म आज धेरै दिनदेखि उसका बारेमा मनभित्र कतै थन्किएको अस्पष्ट जिज्ञासा शान्त पार्ने विचारमा छु । 'बेलझुन्डीसम्म' – उसले जवाफ दिन्छ । र, गोजीबाट सुर्ती निकालेर माड्न थाल्छ । सुर्ती माडेर मुखमा हालेपछि उसले मलाई सोध्छ – 'हजुर कहाँसम्म जाने हो नि ?' म पनि बेलझुन्डीसम्मै हो । तर मेरो जवाफमा उसको कुनै रुचि देखिँदैन । मैले नै कुरा बढाउँछु – 'बेलझुन्डी किन जान लागेको नि ?' ऊ भन्छ – 'उही त हो, खसीबोका खोज्ने ।' ऊ खसीबोकाको खुद्रा व्यापारी हो भन्ने मैले अनुमान गरेको आज होइन, धेरै दिन भइसक्यो । अझ भनौं जुन दिनदेखि मैले उसलाई देखेँ, त्यही दिनदेखि मैले यस्तो अनुमान गरेको हुँ । मैले उसलाई सोध्छु फेरि – 'फाइदा कत्तिको हुन्छ दाइ ? यसले जीवन राम्रै चलेको छ नि ?' 'आफ्नो आफ्नो पेसा त हो । पहिलेजस्तो त छैन । पहिले अलि फाइदा पनि हुन्थ्यो, अहिले त दुईचार सय फाइदा हुने हो, कहिले घाटा पनि भइजान्छ । लिएर आफैं काट्ने हो । यस्तै छ' – उनको जवाफ अलि लामै छ यसपालि । लिएर आफैं काट्ने हो भन्ने उनको जवाफले चाहिँ मलाई अलि बढी तान्छ । म सोध्छु – 'के तपाईं आफैँले काट्ने हो र ? मैले त खरिद गरेर बेच्ने मात्रै हो कि भनेको थिएँ ।' 'पहिलेपहिले त गाउँलेहरू आफैं बजारसम्मै पुऱ्याउँथे तर हिजोआज सब गाउँलेहरू विदेश गइजान्छन् । कसले पुऱ्याइदिने । आफैं खोज्न आउनुपर्छ' – उसले भन्छ । 'तपाईंहरूले घरमा बोल्ने भाषा कुन हो ? उर्दू हो कि ?' – मैले त्यत्तिकै बिचैमा सोध्छु उनलाई । जवाफ यस्तो आउँछ – 'घरमा उर्दू अनि यताउता हिँड्दा नेपाली ।' मातृभाषा उर्दू भए पनि नेपाली शुद्ध बोलेको सुनेर म प्रभावित हुन्छु । र, मेरो मनमा उसप्रति थप जिज्ञासा उत्पन्न हुन्छ । 'तपाईं घोराहीमा बसेको कति वर्ष जति भयो ?' – मेरो जिज्ञासा । 'भयो हजुर, पचास वर्षभन्दा बढी नै' – उसको सहज जवाफ । 'त्यत्तिअघि आउनुभएको रहेछ है' – मेरो जिज्ञासा झन् झन् तीव्र भएको छ उसप्रति । उसले बेलीविस्तार लगाउँछ – 'हो नि । यहाँ पहिले मेरो बुवा आउनुभएको । घोराहीमा गुदरी बजार छ नि ? हो, त्यसमा खिचरीमिचरी बेच्ने । पछि बुवाले मामालाई यहाँ लिएर आउनुभयो । मामाले फेरि मलाई यहाँ लिएर आउनुभयो । मामाले यहाँ आएर खसीबोका काट्ने पसल चलाउनुभयो । म उहाँसँगै काम गर्न थालें । पछि उहाँको मृत्यु भएपछि पसल मैले चलाएँ । अझै चलाइराख्या छु भन्नुपर्‍यो ।' उसले एकपटक गुडिरहेको बसको झ्यालबाट बाहिर आँखा फ्याँक्यो र पुन: बोल्यो – 'म सर्वप्रथम २०३२ सालमा लखनउदेखि मामासँग यहाँ आएको हुँ । त्यतिबेला घोराहीमा निकै थोरै पसल र घरहरू थिए । घोराहीदेखि तुल्सीपुरसम्म त झन् निकै कम घर थिए । पहिलेपहिले हामी हिँडेरै घोराहीदेखि तुल्सीपुर पुग्थ्यौं । गाडी चल्दैनथे । अहिले यस्तो भइसक्यो ।' 'कति जनाको परिवार छ नि ?' – मैले प्रसङ्ग बदल्ने कोसिस गरें । 'छोराछोरी सबैको सादी भइसक्यो । सबै आआफ्ना काममा छन् । हाम्रा त छोराछोरी धेरै हुन्छन् भन्ने हजुरलाई थाहै छ । पाँचै जना छोराहरूले सानो सानो दुकान राखेका छन् । पेट पाल्ने त हो । चारओटी छोरी सबैको सादी भइसकेको छ । सबै आफ्नाआफ्ना घर छन् । दुईटीको त इन्डिया घर छ । सँगै बस्ने त हामी बूढाबूढी मात्रै । बूढिया पनि अलि बिरामी छ । बूढेसकाल त हो, के के हुन्छ के के' – उसले एकै सासमा भनिसकेर लामो सास फेर्छ । म उसलाई हेर्छु – बूढो शरीर छ । सोच्छु उसले यो काम कहिलेसम्म गर्न सक्ला ? यो काम छाडेपछि उसको स्थिति के कस्तो होला ? यस्तै यस्तै । सोध्छु – 'दाइको उमेर कति हो नि ?' 'सहत्तर नाघिसकें नि । जवानीमा यहाँ आएको थिएँ, अहिले बूढो भइसकें' – मलाई हेर्दै भन्छ ऊ – 'मेरो सारा जीवन यतै बितिगयो ।' बसमा यात्रीहरू चढ्ने र झर्ने क्रम यथावत् चलिरहेको छ । हामीलाई त्यसको कुनै वास्ता छैन । मैले बेप्रसङ्गजस्तो याट्ट सोध्छु उसलाई – 'तपाईं कुन मुसलमान हो ? सियावाला हो कि सुन्नी ?' 'सुन्नी हो' – भन्छ ऊ – 'घोराहीमा त धेरै सुन्नी नै छन् । सिया अलि कम छन् ।' 'सिया र सुन्नीमा के अन्तर छ ?' – मेरो जिज्ञासा रोकिँदैन । 'अलि फरक छ । हुन त दुवैले नमाज पढ्ने हो । आ्नो आफ्नो शैली र तरिका त हो । सबैलाई आफ्नै राम्रो लाग्छ' – उनी त्यति जाँगर नलगाईकन भन्छन् । मलाई लाग्छ, उनी यसबारेमा कुरा लम्बाउने मनस्थितिमा छैनन् । म फेरि प्रसङ्ग बदल्छु – 'हजुरहरूको सबैभन्दा पवित्र ठाउँ त मक्का र मदिना हो नि । हैन र ? त्यहाँ पनि पुग्नुभएको छ कि ?' मक्का र मदिनाको नाम सुन्नासाथ उनी पुन: उत्साहित हुन्छन् – 'म सन् २००९ मा त्यहाँ गएको थिएँ, मेरी बूढी पनि गएकी थिई ।' मैले सोध्छु – 'त्यस वर्ष नेपालबाट कतिजना जानुभएको थियो ? काठमाडौंको जामे मस्जिदबाट पनि जान्छन् नि, हैन ?' उनले खिन्न भएर जवाफ दिन्छन् – 'कहाँ नेपालबाट जानु नि । भारतबाट गएको । यहाँबाट जानका लागि त नागरिकता हुनुपर्‍यो नि । हाम्रो नेपाली नागरिकता कहाँ छ र ?' 'ए, त्यसो भए हजुरको नेपाली नागरिकता रहेनछ है' – म बोल्छु । मेरो भनाइलाई उनले कुनै वास्ता गर्दैनन् । उनले भन्दै जान्छन् – 'खर्च पनि त धेरै हुन्छ नि त्यहाँ जान । बूढी र मेरो लागेर चारपाँच लाख जति भारु खर्च भयो । कति त ऋण पनि लिएको हुँ मैले । अहिले त एक्लैजनाको त्यत्ति खर्च होला । सबै जान कहाँ सक्छन् र !' उनले अगाडि भन्छन् – 'यहाँदेखि लखनऊसम्म गाडीमा गइयो । घोराहीबाट लखनऊ जाँदा घोराही ट्राफिक चोक छ नि । हो, त्यहाँसम्म धेरै मानिस हामीलाई पुऱ्याउन गएका थिए । उता लखनऊमा त झन् हामीलाई एयरपोर्टसम्म तीन गाडीले पुऱ्याएका थिए । एयरपोर्टमा भित्र पसेपछि भने हामी एक्लै । त्यहाँबाट जाने अरू पनि साथीहरू थिए । घर छाडेर एक महिना बढी बाहिर जाने भएपछि मैले त के के सोँचे के के । एयरपोर्टमा अचानक बेहोस भएर ढलेछु । आधा घण्टापछि बल्ल होस खुल्यो । म होसमा आएपछि बल्ल अरूको होस ठेगानमा आयो, नत्र सबै आत्तिएका ।' 'मक्का र मदिना एकै ठाउँ हो कि ?' – मेरो जिज्ञासा अझै सकिएको छैन । 'कहाँ एकै ठाउँ हुने नि । एक ठाउँबाट अर्को ठाउँ जान गाडीमा चारपाँच घण्टा लाग्ने' – उनले मजगैंदेखि माथि उत्तरतिर देखिएको अग्लो महाभारत पर्वत शृङ्खला चोर औंलाले सिकाउँदै भन्छन् – 'ऊ त्यो पहाडजस्तै अग्लो पहाड । सबैतिर ऊँट र भेडाहरू मात्रै । खसीभन्दा ऊँटको मासु खुब पाइने । मैले त साउदीमा छँदासम्म कुखुरा र ऊँटको मासु खाइनँ, खसीको मात्रै खाएँ । कुन्नि किन हो, मनै लागेन । फेरि हावापानी नमिलेर होला म त्यहाँ गएदेखि नै बिरामी भएँ । शरीर सन्चै भएन ।' 'गर्मी ठाउँ हो नि । हैन ?' – मैले उनलाई फेरि सोधिहाल्छु । उनी भन्छन् – 'कति गर्मी, गर्मी नि । कोठामा बस्दासम्म ठिकै, जब बाहिर निस्क्यो, सहनै गाह्रो । पैदल त थोरै पनि हिँड्नै नसकिने ।' दु:ख जति भए पनि जिन्दगीमा मक्का र मदिना घुमेर आउनु भनेको त ठूलो कुरा भयो नि । कसो ? – हामी चढेको बस बेलझुन्डी आउन थालिसकेको हुनाले कुराको बिट मार्दै म भन्छु । 'कति ठूलो कुरा नि । मरेर कसैले क्यै लैजाने होइन । अझै धेरै धनी मानिसहरू त्यहाँ पुग्न सक्या छैनन् । जान्छु भनेर मात्र हुँदैन । म गरिब गएर पनि आइसकें । अझ मेरो बूढी पनि गइहाली ।' – उनले गौरवसँग भनिरहेका छन् – 'कति धनी धनी मानिसहरू मसँग भेट्दा भन्छन् – तँ त मक्कामदिना पनि पुगेर आइस, हाम्रो त सपना नै भयो ।' उनी बसबाट ओर्लिने तरखरमा छन् । मेरो अन्तिम जिज्ञासा छ – 'हजुरको नाम के हो नि दाइ ?' 'मोहम्मद अनिस' – उनी भन्छन् । उनले यति भनिसक्दा बेलझुन्डी चोकमा बस रोकिएको छ । उनी बसबाट बिस्तारै ओर्लिन्छन् । मेरा आँखाहरू उनका पाइला पछ्याउने असफल प्रयास गर्छन् । सोच्छु, एउटा अपरिचित मानिसको अल्प कथा सुनें । के अब उनी परिचित भए ? अब म उनलाई भेटेपछि मोहम्मद दाइ भन्छु होला । उनले पनि मेरो नाम बोलाउन थाल्लान् । त्यसो भए अब हामी परिचित भयौं ?

*-साहित्यपोष्ट डटकम*

# विज्ञापनको रकम कटौतीविरुद्ध पाल्पा पत्रकार महासंघ



**पाल्पा,** भदौ २४/ नेपाल पत्रकार महासंघ पाल्पा शाखाले छापा माध्यमलाई प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनबापतको रकममा कटौती गर्ने गरी ल्याइएको नयाँ कार्यविधि विरुद्ध आपत्ति जनाएको छ । उसले विज्ञापन बोर्ड, बबरमहल काठमाडौंलाई पत्र पठाउँदै सरकारले देशभरका छापा माध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने गरी लोककल्याणकारी विज्ञापनको रकममा आधासम्म कटौती हुने व्यवस्था कार्यान्वयनमा ल्याएको भन्दै त्यसप्रति गम्भीर आपत्ति जनाएको हो ।

महासंघले उक्त कार्यविधि तत्काल सच्याउन माग गर्दै समस्या समाधान नभएसम्म विज्ञापनसम्बन्धी बिल नबुझ्ने निर्णयको माग गरेको छ । महासंघले 'छापा माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३' आफूहरूले अस्वीकार गरेको जनाएको छ । उक्त कार्यविधिका कारण आर्थिक संकटमा रहेका छापा माध्यम थप प्रभावित हुने र सञ्चारमाध्यमको नियमित प्रकाशन तथा पत्रकारिता क्षेत्रमा समेत प्रतिकूल असर पर्न सक्ने महासंघको दाबी छ । महासंघ पाल्पा शाखाका अनुसार लोककल्याणकारी विज्ञापन छापा माध्यमको आर्थिक स्थायित्वका लागि महत्वपूर्ण आधारका रूपमा रहँदै आएको छ। यस्तो विज्ञापनबापत प्राप्त हुने रकममा ठूलो कटौती गरिँदा विशेषगरी स्थानीय तथा साना लगानीमा सञ्चालित पत्रपत्रिका प्रत्यक्ष रूपमा प्रभावित हुने महासंघको भनाइ छ । बुधबार महासंघ शाखाको टोलीसहित जिल्लाका छापा माध्यमका सम्पादक तथा प्रतिनिधिहरुको टोलीले जिल्ला हुलाक कार्यालयका प्रमुख अर्जुज चौधरीलाई पत्र बुझाउँदै लोककल्याणकारी विज्ञापनको भुक्तानीसम्बन्धी विवाद समाधान नभएसम्म कुनै पनि छापा माध्यमबाट बिल नबुझ्ने व्यवस्था मिलाउन आग्रह गरेको छ । शाखाले विज्ञापन बोर्डलाई पत्र पठाउँदै बोधार्थ जिल्ला हुलाक कार्यालय दिएको छ । शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाले उक्त पत्र हुलाक अधिकृत चौधरीलाई हस्तान्तरण गरेका छन् । पत्र हस्तान्तरण गर्दै अध्यक्ष तिमिल्सेनाले विज्ञापन बोर्डले नै विज्ञापन प्रकाशन गरेबापतको बिल नबुझ्ने सम्बन्धमा परिपत्र गरेको विषयलाई समेत उल्लेख गर्दै लोककल्याणकारी विज्ञापनको भुक्तानीसम्बन्धी विवाद समाधान नभएसम्म कुनै पनि छापा माध्यमबाट बिल नबुझ्ने व्यवस्था मिलाउन आग्रह गरेका छन् । सचिव रामचन्द्र रायमाझीद्वारा जारी पत्रमा आफूहरूको अनुरोधअनुसार आवश्यक व्यवस्था गरिएको नपाइए विज्ञापन बोर्डविरुद्ध आन्दोलनमा उत्रनुपर्ने परिस्थिति निर्माण हुने स्पष्ट चेतावनीसमेत दिएको छ । महासंघले सञ्चारमाध्यमको आर्थिक तथा व्यावसायिक अधिकार सुनिश्चित गर्न सरकार र सम्बन्धित निकाय जिम्मेवार बन्नुपर्ने बताएको छ । लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय पुनर्विचार गर्दै छापा माध्यमलाई संरक्षण र प्रवर्द्धन गर्ने नीतिअनुसार समस्या समाधान गर्नुपर्ने महासंघको माग छ ।

## भोटेकोशी बाढी : मृत्युको...

...उनीहरूले बाढी प्रभावित क्षेत्रमा फसेका तथा जोखिममा रहेका नागरिकको उद्धार, बेपत्ताको खोजी, राहत सामग्री वितरण तथा फेला परेका शवको व्यवस्थापनलगायतका काम गरिरहेका छन् । बाढीको प्रभाव व्यापक क्षेत्रमा फैलिएका कारण खोजी तथा उद्धार कार्य चुनौतीपूर्ण बनेको छ । ठूलो संख्यामा मानिस बेपत्ता हुनुका साथै विभिन्न स्थानमा सडक, पुल तथा अन्य भौतिक संरचनामा क्षति पुगेकाले प्रभावित क्षेत्रसम्म पुग्नसमेत कठिनाइ भइरहेको छ । यद्यपि उपलब्ध स्रोत-साधनको प्रयोग गर्दै खोजी कार्यलाई निरन्तरता दिइएको छ ।

**होल्डिङ सेन्टरमा तीन हजारभन्दा बढी**

बाढी तथा त्यसबाट उत्पन्न परिस्थितिका कारण विस्थापित तथा प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्ने व्यवस्था पनि गरिएको छ । विभिन्न जिल्लामा स्थापना गरिएका होल्डिङ सेन्टरमा हालसम्म ३ हजार ३० जना व्यक्ति राखिएको जनाइएको छ । उनीहरूलाई आवश्यक सुरक्षा तथा आधारभूत व्यवस्थापनका लागि सम्बन्धित निकायले समन्वय गरिरहेका छन् । प्रभावित परिवारको अवस्था, बेपत्ता व्यक्तिको खोजी तथा मृतकको पहिचानसँगै विस्थापितलाई सुरक्षित स्थानमा राख्ने कामलाई पनि प्राथमिकतामा राखिएको छ । बेपत्ता व्यक्तिका परिवारजन आफ्ना आफन्तको अवस्था थाहा पाउन पर्खिरहेका छन् । एकातिर शव फेला पर्ने क्रम जारी छ भने अर्कोतर्फ पहिचान नभएका शवको विवरण सार्वजनिक गरी आफन्तमार्फत पहिचान गर्ने प्रयास भइरहेको छ । यस्तो अवस्थामा डीएनए परीक्षण, शव पहिचान, खोजी तथा उद्धार र प्रभावित नागरिकको पुन:स्थापनालाई प्रभावकारी रूपमा अघि बढाउनु चुनौतीपूर्ण बनेको छ ।

## तानसेनमा सर्वदा आई केयर...

...उनले भने "यहाँ गुणस्तरीय विशेषज्ञ सेवा नहुँदा यहाँका नागरिक बाहिर जानुपर्ने अवस्था थियो, अहिले यही विशेषज्ञसहित सेवा प्रदान हुन थालेपछि निकै सहज भएको छ ।"

केयरले कम्प्युटराइज्ड प्रविधिमार्फत दृष्टि परीक्षण, आँखाको पावर नाप्ने, टाढा तथा नजिकको धमिलोपनाको सटिक परीक्षणलगायतका सेवा दिँदै आएको छ । यसका साथै आँखाको मांसपेशीसम्बन्धी परीक्षण, मांसपेशी कमजोर भएर आँखा डेढो भए/नभएको जाँच, आवश्यक उपचार तथा थेरापी, कलर भिजन टेस्ट र न्यून दृष्टिसम्बन्धी सेवा पनि उपलब्ध रहेको छ । त्यसैगरी, कन्ट्याक्ट लेन्स फिटिङ तथा परामर्श, आवश्यकता अनुसारका विभिन्न प्रकारका लेन्स तथा फ्रेमलगायतका सेवा पनि आई केयरबाट प्रदान हुँदै आएको जनाइएको छ ।

### खेलकुद समाचार

## एभरेस्ट भ्यु ट्रेल रेसले पायो अन्तर्राष्ट्रिय मान्यता



**काठमाडौं,** भदौ २४/सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिकाले आयोजना गर्दै आएको 'एभरेस्ट भ्यु ट्रेल रेस' ले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ । पर्यटन प्रवर्द्धन, प्रकृति संरक्षण र खेलकुद विकासलाई जोड्दै सञ्चालन हुँदै आएको यो साहसिक दौडलाई फ्रान्सस्थित विश्वप्रसिद्ध 'अल्ट्रा ट्रेल' संस्थाले आधिकारिक मान्यता दिएको हो । साथै, अन्तर्राष्ट्रिय ट्रेल धावक सै ( आईटीआरए) ले प्रतियोगितालाई तीन अङ्क प्रदान गरेको छ । मान्यता प्राप्त ट्रेल पूरा गर्ने धावकले दुरी र उचाइको कठिनाइका आधारमा प्राप्त गर्ने यी अङ्कले विश्वका अन्य प्रतिष्ठित अन्तर्राष्ट्रिय ट्रेल दौडमा छनोट हुन सहयोग गर्नेछ । अन्तर्राष्ट्रिय मान्यता प्राप्त भएपछि गाउँपालिका अध्यक्ष बुद्धिकिरण राईले खेलकुदलाई पर्यटन, प्रकृति, संस्कृति र साहसिक यात्रासँग जोड्ने अभियानले सार्थकता पाएको बताए । उनले यसबाट माप्य दुधकोशीका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई विश्वसामु चिनाउने अवसर थपिएको उल्लेख गरे । करिब ४८ किलोमिटर लामो यो ट्रेलको अधिकतम उचाइ ३ हजार १ सय ८१ मिटर र न्यूनतम उचाइ १ हजार ८ सय ३ मिटर रहेको छ । प्रतियोगिता पूरा गर्न धावकलाई अधिकतम ७ घण्टा ४५ मिनेटको समयसीमा तोकिएको छ । दौड निर्माणाधीन कोर्कु रङ्गशालाबाट सुरु भएर महभीर, सिलगुडी, कुधम उच्च शिविर र कैलाशनाथ महादेव मन्दिर हुँदै पुन: कोर्कु रङ्गशालामै समापन हुनेछ । यात्राका क्रममा धावकले सगरमाथा, कञ्चनजै, नुम्बु, थामसेर्कु र मेरा पिकसहितका हिमशृंखलाको दृश्यावलोकन गर्न सक्नेछन् भने ब्लास झरना र महभीरजस्ता साहसिक गन्तव्य पनि ट्रेलको आकर्षण रहनेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## शेयर बजार घट्यो



**पाल्पा,** भदौ २४/लगातार ४ कारोबार दिन बढेको शेयर बजार बुधबार दोहोरो अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से बुधबार १५.४३ अङ्कले घटेर २ हजार ५४५.४० विन्दुमा झरेको छ ।

त्यस्तै सबै समूहको उपसूचक घटेकोमा विकास बैंक र फाइनान्स समूह २ प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ । बुधबार १९२ वटा कम्पनीको शेयर घटेकोमा ७४ वटाको बढेको छ । यस्तै ११ वटा कम्पनीको शेयर भने घटबढ भएको छैन । इमर्जिङ नेपाल, सिन्धु विकास बैंक र जानकी फाइनान्सको शेयर १५ प्रतिशतले घटेको छ । समग्रमा बजार घटेको दिन अपर लोहोरे खोला हाइड्रोपावरको शेयर १५ प्रतिशतले बढेको छ । बुधबार नेप्से घटे पनि कारोबार रकम भने बढेको छ । मंगलबार ३ अर्ब ८३ करोडको कारोबार भएकोमा बुधबार ३५२ वटा कम्पनीका १ करोड ९ लाख कित्ता शेयर ४ अर्ब १९ करोड रुपैयाँमा किनबेच भएको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक ताँहू गा.वि.स.-८, हाल रम्भा गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5450613 Y का NK केशर बहादुर राना (ना.प्र.मा केशर बहादुर राना मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा वुद्धी कुमारी राना (Budhi Kumari Rana) र जन्म मिति सन् १९७१ मे ३१ (वि.स.२०२८/०२/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा वुद्धी कुमारी राना (Buddhi Kumari Rana), जन्म मिति वि.स. २०२६/०१/०८ (सन् १९६९ अप्रिल २०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक मदनपोखरा गा.वि.स.-७ पक्लुवा(तानसेन-१४), हाल तानसेन नगरपालिका-७ निवासी भारतिय भू.पू.सैनिक नं. 5345720 F का HAV तिर्थ बहादुर थापा (ना.प्र.मा तिर्थ बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा कसरी थापा र जन्म मिति सन् १९७१ मार्च १६ (वि.स.२०२७/१२/०३) र नेपाली नागरिकता प्रमाणपत्रमा केसरी थापा, जन्म मिति वि.स. २०२७/१२/०४ (सन् १९७१ मार्च १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक मदनपोखरा गा.वि.स.-१, हाल तानसेन नगरपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. JC 548890 L का SM/H/Capt. विष्णु बहादुर थापा (ना.प्र.मा विष्णु वहादुर आले थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा राधा कुमारी थापा र जन्म मिति सन् १९६५ डिसेम्वर ११ (वि.स.२०२२/०८/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा राधा कुमारी आले थापा, जन्म मिति वि.स. २०२२/०९/२६ (सन् १९६६ जनवरी १०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई